डिसेम्बर १०, २०२०

# तलब बढ्ने योजना र ज्यालामा आउने अरू बदलहरू जनवरीमा लागु हुने

जनवरीमा, २०१९-२०२१ सालको तलब योजना अन्तर्गत *UW–Madison* ले कर्मचारीहरूका लागि २ प्रतिशत तलब बढाउनेछ। यो लामो योजनाबद्ध तलब बढाउने कुराले धेरैजसो कर्मचारीहरूका लागि जनवरी २०२१ साल मा लागु हुने गरी २ प्रतिशतले तलब बढाउनेछ।

डिसेम्बर २०१९ सालमा *Legislature's Joint Committee on Employment Relations (JCOER)* ले स्वीकृत गरेको यो तलब योजनामा दुई चरणमा लागु हुने ४ प्रतिशतको बढ्ने कुरा भनिएको थियो। जनवरी २०२० साल मा पहिलो २ प्रतिशत बढेको थियो। दोस्रो २ प्रतिशत आउने महिनामा लागु हुनेछ।

सबै शैक्षिक कर्मचारी, संकाय, अस्थायी, र युनिभर्सिटी कर्मचारीहरू तलब बढ्ने योजना पाउन योग्य छन्। केही कर्मचारी वर्गहरू, जसमा अस्थायी कर्मचारीहरू र विद्यार्थी प्रति घण्टा कर्मचारीहरू समावेश छन्, योग्य छैनन्।

२ प्रतिशत बढ्ने कुरा महिना महिनामा तलब पाउने कर्मचारीहरूका लागि जनवरी १, २०२१ सालमा र दुई हप्तामा तलब पाउने कर्मचारीहरूका लागि जनवरी ३, २०२१ सालमा लागु हुनेछ। प्रति घण्टा तलब पाउने कर्मचारीहरूले जनवरी २८ को आमदानी विवरणमा (*earnings statement*) बढेको देख्नेछन्। महिना महिनामा तलब पाउने कर्मचारीहरूका जनवरीको आमादनी विवरणमा देखिनेछ, जुन फेब्रुअरी १ मा तलबको रूपमा आउँछ। तलब बढ्ने कर्मचारीहरूले आफ्नो नयाँ तलबको दर, कहिले सो तलबको दर लागु हुनेछ र कहिले आफ्नो पेचेकमा देखिनेछ भन्ने कुराको लिखित सञ्चार पाउनेछन्।

तलब बृद्धि पाउन योग्य हुन, व्यक्तिहरू नोभेम्बर २२, २०२० सालबाट (प्रति घण्टा कर्मचारीहरूका लागि) वा डिसेम्बर १, २०२० (महिना महिनामा तलब पाउने कर्मचारीहरूको लागि) हालको कार्यपदमा काम गरेको हुनुपर्दछ। कर्मचारीहरूले *UW–Madison* को यौन सताई रोकथाम तालिम पूरा गरेको र आफ्नो हालसालैको कार्यसम्पादन मूल्याङ्कनमा अपेक्षाहरू पूरा गरेको हुनुपर्दछ। सुपरभाईजरहरूले आफ्नो कर्मचारीहरूका कार्यप्रदर्शन मूल्याङ्कनहरू पूरा गर्न आवश्यक छ। विभाग स्तरमा थप मापदण्ड लागु हुन सक्दछन्।

### ***Furlough* कार्यक्रममा तलब बढाउने योजनाको प्रभाव**

जनवरी २०२१ सालको तलब बढाउने योजनाले *furlough* को प्रभाव विरुद्ध एउटा सानो बफर प्रदान गर्दछ। *UW–Madison* का सबैभन्दा कम तलब पाउने कर्मचारीहरूका लागि, २ प्रतिशत तलब बढाउने कुराले *furlough* को प्रायजसो अस्थायी प्रभावलाई सहयोग गर्नेछ। यी वृद्धिहरूले कर्मचारीहरूको मूल तलब पनि बढाउनेछन्, एक सकारात्मक परिवर्तन जुन *furlough* आवश्यक नपरेको लामो समय सम्म जारी रहनेछ।

२०२१ सालको दोस्रो चरणको क्याम्पसव्यापी, बीच-बीचको *Furlough (Intermittent Furlough)* मा भाग लिने कर्मचारीहरूका *furlough* दायित्व तलब बढाउने योजना पछि सो कर्मचारीहरूका वार्षिक तलबमा आधारित हुनेछ। प्रायजसो कर्मचारीहरूका लागि, *furlough* को दायित्व पहिलो चरणको क्याम्पसव्यापी, बीच-बीचको *Furlough* जस्तै हुनेछ। तलब बढेपछि केवल सीमित कर्मचारीहरूले आफ्नो *furlough* दायित्व बढेको देख्नुपर्नेछ।

**घण्टाको $१५ न्यूनतम ज्याला**

*UW–Madison* ले युनिभर्सिटी कर्मचारीहरूका लागि घण्टाको $१५ बनाउने कुरा शुरूमा २०१९ सालको नोभेम्बरमा, २०२० सालको वसन्त सेमेस्टरमा लागु गर्ने योजनाको साथ, घोषणा गरेको थियो। घोषणाको समयमा, युनिभर्सिटीका मुख्य व्यक्तिहरूले बताएका थिएक कि उच्च न्यूनतम ज्यालाले युनिभर्सिटीलाई अझै प्रभावकारी तरिकाले श्रम बजारमा काम गर्ने मजदुरहरूको लागि प्रतिस्पर्धा गर्न र *UW–Madison* का सबै कर्मचारीहरूलाई उचित ज्याला तिर्ने प्रतिबद्धतालाई अझ बलियो बनाउँदछ।

पहिले घोषणा गरे अनुसार *COVID-19* को कारणले भएको बजेट सङ्कटले गर्दा कार्यान्वयनमा ढिलाइ भयो। $ १५ न्यूनतम ज्याला अब अगाडि बढिरहेको छ र जनवरी १७, २०२१ देखि प्रभावकारी हुनेछ।

युनिभर्सिटी कर्मचारीहरू योग्य छन्। युनिभर्सिटीको न्यूनतम ज्यालामा भएको वृद्धिले मुख्यतया कस्टोडियल, पशु हेरचाह र खाद्य सेवाका कामदारहरूलाई प्रभाव पार्नेछ। न्यूनतम ज्याला वृद्धि अस्थायी कर्मचारी वा विद्यार्थी कर्मचारीहरूका लागि लागू हुँदैन।

**बाँच्न-खान पुग्ने ज्याला बढ्ने**

यदि अहिले $१३.८६ भन्दा कम ज्याला भएमा युनिभर्सिटी कर्मचारी र अस्थायी कर्मचारीहरूले म्याडिसन शहरको प्रति घण्टा $१३.८६ को नयाँ बाँच्न-खान पुग्ने ज्याला जनवरी ३, २०२१ मा पाउनेछन्। *UW–Madison* ले बाँच्न-खान पुग्ने ज्याला निर्धारण गर्न म्याडिसन शहरको बाँच्न-खान पुग्ने ज्यालाको मापदण्डको पालना गर्दछ, जुन चार जनाको परिवारको लागि संघीय गरीबी स्तरको ११० प्रतिशत बराबर छ। प्रभाव परेका युनिभर्सिटी कर्मचारीहरूका लागि, २ प्रतिशत तलब बढाउने योजना नयाँ बाँच्न-खान पुग्ने ज्यालाको माथि लागु गरीनेछ।

बाँच्न-खान पुग्ने ज्याला पाउने अधिकांश कर्मचारीहरू जनवरी १७, २०२१ देखि घण्टाको न्यूनतम ज्याला $१५ पाउनेछन्। तर, अस्थायी कर्मचारीहरू बढेको न्यूनतम ज्याला पाउन योग्य छैनन्, र नतिजा स्वरूप, घण्टाको $१३.८६ भन्दा कम आम्दानी भएका अस्थायी कर्मचारीहरूका लागि घण्टाको $१३.८६ को बाँच्न-खान पुग्ने ज्याला लागु हुनेछ।

**भवन निर्माण व्यापार संघको सम्झौता**

*UW–Madison* क्याम्पसका भवन निर्माण व्यापार संघका कर्मचारीहरूसँग सामूहिक सौदाबाजी सम्झौतामा पनि आएको छ। सम्झौताहरूलाई अन्ततः *JCOER* र पूर्ण विधायिकाबाट स्वीकृत हुन र प्रभावकारी हुन गभर्नरबाट हस्ताक्षर पाउन आवश्यक पर्दछ। क्याम्पसमा भवन निर्माण व्यापार संघ मात्र प्रमाणित सौदाबाजी युनिट हो। राज्य कानूनको अधीनमा, संघले उपभोक्ता मूल्य सूची (*CPI*) सम्म मात्र ज्यालामा सम्झौता गर्न सक्दछन्। जनवरी ३, २०२१ सालमा प्रभावकारी हुने गरी, सम्झौतामा व्यापार कर्मचारीहरूले २०२०-२०२१ सालको लागि १८१ प्रतिशत बढी पाउने आग्रह गरिएको छ। यदि लागु गर्नमा ढिलाई भएमा, व्यापर संघका योग्य कर्मचारीहरूले सम्झौताको प्रभावकारी मितिहरू देखिको तलब स्थितिमा बढेको सबै घण्टाको रकम बराबर एक्मुस्ट भुक्तानी रकम पाउनेछन्।